# आकाशवाणी समाचार- नेपाली

मितिः २५ अगष्ट २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिल्लीमा फिजीका प्रधानमन्त्री सिति वेनी राबुकासँग वार्ता गर्नुहुनेछ। श्री राबुका भारतको तीन दिने भ्रमणमा हिजो नयाँ दिल्ली आइपुग्नुभएको छ ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि दुई दिने गुजरात भ्रमणमा आउनुहुनेछ। उहाँले आज साँझ अहमदाबादमा पाँच हजार चार सय करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्धाटन गर्नुहुनेछ।

३. अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा ऐतिहासिक अभियान पूरा गरेपछि, अन्तरिक्ष यात्री शुभांशु शुक्ला आज आफ्नो गृहनगर लखनऊ फर्कदैछन्।

४. भारतका खेलमन्त्री मनसुख माण्डवियाले सन् २०४७ सम्ममा भारतले खेलकुदमा विश्वका उत्कृष्ट पाँच राष्ट्रमा पर्ने लक्ष्य राखेको बताउनु भएको छ ।

५. भारतकी शर्वरी सोमनाथ शिन्देले क्यानडाको विनिपेगमा आयोजित विश्व युवा तीरंदाजी च्याम्पियनसिपको अन्डर-१८ व्यक्तिगत रिकर्व प्रतियोगितामा स्वर्ण पदक जितेकी छिन्।

## फिजीका प्रधानमन्त्री- भारत भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिल्लीमा फिजीका प्रधानमन्त्री सितिवेनी राबुकासँग वार्ता गर्नुहुनेछ। श्री राबुका भारतको तीन दिने भ्रमणमा हिजो नयाँ दिल्ली आइपुग्नुभयो । उत्तरपूर्वी राज्यका शिक्षा तथा विकास राज्यमन्त्री सुकान्तो मजुमदारले विमानस्थलमा उहाँलाई स्वागत गर्नुभयो । श्री राबुकाको साथ उहाँकी श्रीमती सुलेती राबुका पनि भारत आउनु भएको छ । फिजीको प्रतिनिधिमण्डलमा स्वास्थ्य तथा चिकित्सा सेवा मन्त्री रातु अतोनियो ललाबालावु र वरिष्ठ अधिकारीहरू समावेश छन्। केन्द्रीय मन्त्री जेपी नड्डाले हिजो साँझ श्री राबुकालाई भेट् गर्नु भयो । विदेश मन्त्रालयको विज्ञप्तिमा भनिएको छ कि यो प्रधानमन्त्री राबुकाको पहिलो भारत भ्रमण हो। यस क्रममा उहाँले राष्ट्रपति द्रौपदी मुर्मुलाई पनि भेट्नुहुनेछ। यो भ्रमणले भारत र फिजीबीचको सम्बन्धलाई अझ बलियो बनाउनेछ। दुवै देशले सबै क्षेत्रमा द्विपक्षीय सम्बन्ध र मानिसहरु बीच सम्पर्क बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

## प्रधानमन्त्री-गुजरात भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि दुई दिने गुजरात भ्रमणमा आउनुहुनेछ। उहाँले आज साँझ अहमदाबादमा पाँच हजार चार सय करोड रुपैयाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्धाटन गर्नुहुनेछ। यी परियोजनाहरुमा शहरी विकास, ऊर्जा, सड़क र रेलवे क्षेत्र रहेको छ । यस अवसरमा प्रधानमन्त्रीले एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ।भोलि बिहान आफ्नो गुजरात भ्रमणको दोस्रो दिन, श्री मोदीले अहमदाबादको हंसलपुरबाट हाइब्रिड ब्याट्री इलेक्ट्रोडको स्थानीय उत्पादन र एक सय देशहरूमा ब्याट्री इलेक्ट्रिक सवारी साधन निर्यातको सुरुवात गर्नुहुनेछ।

थप जानकारी हाम्रो संवाददाताबाट

**Byte**

## भारत रसियाका राजदूत

रूसमा भारतका राजदूत विनय कुमारले आज भन्नु भयो कि भारतले जहाँबाट सस्तो तेल प्राप्त हुनेछ त्यहां खरिद गर्न जारी राख्नेछ र अमेरिकी शुल्कको बीचमा आफ्नो राष्ट्रिय हितको रक्षा गर्न कदम चाल्नेछ। रूसको सरकारी समाचार एजेन्सीलाई दिएको एक अन्तर्वार्तामा, विनय कुमारले भन्नु भयो कि रूसी तेल खरिदका कारण भारतीय आयातमा २५ प्रतिशत, कुल ५० प्रतिशत, शुल्क बढाउने अमेरिकी निर्णय गलत, मूर्खतापूर्ण र अनुचित छ। उहाँले जोड दिनु भयो कि भारतको ऊर्जा नीतिको उदेश्य आफ्ना नागरिकहरूलाई भरपर्दो आपूर्ति सुनिश्चित गर्नु हो र रूस र अन्य देशहरूसँगको यसको सहकार्यले विश्वव्यापी तेल

बजारको स्थिरतामा योगदान पुऱ्याएको छ। श्री कुमारले भन्नु भयो कि व्यापार व्यावसायिक आधारमा गरिन्छ। त्यसैले यदि व्यावसायिक लेनदेनको आधार व्यापार आयात सही छ भने, भारतीय कम्पनीहरूले जहाँबाट उत्तम सम्झौता पाउँछन् त्यहाँबाट खरिद गर्न जारी राख्नेछन्। यो हालको अवस्था हो।श्री कुमारले भन्नु भयो कि भारत-रूस व्यापार आपसी हितहरु र बजार कारकहरुदेखी प्रेरित छन् । उहाँले बताउनु भयो कि अमेरिका र यूरोपीय देशहरु सहित अन्य देशहरुले पनि रूसको साथ व्यापार गर्न जारी राख्छन्।

**शुभांशु - लखनऊ**

अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा ऐतिहासिक अभियान पूरा गरेपछि, अन्तरिक्ष यात्री शुभांशु शुक्ला आज आफ्नो गृहनगर लखनऊ फर्कदैछन्। उत्तर प्रदेशको राजधानी उहाँको स्वागत गर्न तयार छ। एक रिपोर्ट:

**Byte**

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले , आज **राति साढे नौ** बजे फोन-इन कार्यक्रम **"पब्लिक स्पीक"** मा **"ऑनलाइन गेमिंग का नियमन"** विषय माथि परिचर्चा प्रसारित गर्नेछ । इलेक्ट्रॉनिकी र सूचना प्रौद्योगिकी मंत्रालयका सचिव एस कृष्णन परिचर्चामा शामेल हुनेछन्।

श्रोताले कार्यक्रमको अवधि हाम्रो स्टूडियोमा उपस्थित विशेषज्ञसित ऑनलाइन गेमिंगमा नयाँ कानून, यसको लत माथि अंकुश लगाउन र यसबाट हुने वित्तीय हानि देखि सुरक्षा सुनिश्चित गर्ने बिषय बारेमा प्रश्न सोध्न सक्नु हुनेछ । प्रश्न सोध्नका लागि टेलीफोन नंबर रहेको छ - **0 1 1 - 2 3 7 1- 7 1 1 7 र 0 1 1 - 2 3 3 1 4 4 4 4 तथा व्हाट्सएप** नंबर रहेको छ **- 9 2 8 - 9 0 9 - 4 0 4 4. हैशटैग आस्क-ए.आई.आर.** को साथ **एक्स मा पनि श्रोताले** प्रश्न पोस्ट गर्न सक्नु हुनेछ ।

**ओम बिरला-सम्मेलन**

लोकसभा अध्यक्ष ओम बिरलाले हिज आज दिल्लीमा 68औ राष्ट्रमंडल संसदीय सम्मेलनलाई लिएर एक अंतर-मंत्रालयी ब्रीफिंगको अध्यक्षता गर्नु भयो । ब्रीफिंग मा उहाँलाई बताइयो कि यो सम्मेलन इस वर्ष 5 देखि 12 अक्टूबर सम्म बारबाडोस को ब्रिजटाउनमा आयोजित गरिनेछ । एक सोशल मीडिया पोस्ट मा , श्री बिरलाले राष्ट्रमंडल वैश्विक साझेदारको संबंधमा महासभालाई संबोधित गर्ने अवसरमा जोर दिनु भयो । उहाँले भन्नु भयो कि युवा सशक्तिकरणमा एक महत्वपूर्ण गोलमेज सम्मेलन आयोजित गरिने छ , जसमा सामूहिक हिंसा देखि लिएर साइबर-अपराधसम्म आधुनिक चुनौतिहरुको समाधानमाथि ज़ोर दिनेछ । उहाँले भन्नु भयो राज्यसभाका उपसभापति, 29 राज्यहरु र केंद्र शासित प्रदेशहरुका विधानमंडलहरुका पीठासीन अधिकारी र सचिव पनि यस सम्मेलनमा भाग लिनेछन् ।

**मंडाविया भारत खेल**

भारतका खेलमन्त्री मनसुख माण्डवियाले सन् २०४७ सम्ममा भारतले खेलकुदमा विश्वका उत्कृष्ट पाँच राष्ट्रमा पर्ने लक्ष्य राखेको बताएका छन् । अहमदाबादमा राष्ट्रमण्डल भारोत्तोलन च्याम्पियनसिपको उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्री माण्डवियाले भन्नुभयो "प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देशले खेल क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ र धेरै सुधारहरू लागू गरीएको छ। प्रधानमन्त्री मोदीले आगामी १० वर्षमा भारतलाई विश्वका उत्कृष्ट १० देशमा पु¥याउने लक्ष्य राखेका छन् । मन्त्री पुनले देशमा उपयुक्त खेल वातावरण निर्माण गर्नु अहिलेको आवश्यकता भएको र त्यसका लागि सरकार प्रतिबद्ध रहेको बताउनु भयो। श्री माण्डविया अनुसार संसदको पछिल्लो अधिवेशनमा सरकारले खेलाडीहरुको हितमा खेलकुद प्रशासन विधेयक ल्याएको थियो । विधेयकले राष्ट्रिय खेलकुद महासंघ (एनएसएफ) मा महिलाको बढीभन्दा बढी प्रतिनिधित्वको व्यवस्था गरेको छ ।

**आँधी काजिकी**

भियतनामले आँधी काजिकीको आगमन भन्दा पहिले ५ लाख ८६ हजारभन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा जान आदेश दिएको छ। मौसम बैज्ञानिकहरुले आँधीमा प्रतिघण्टा १६६ किलोमिटरसम्मको गतिमा हावा चलिरहेको र भोलि बिहान तटमा ठोक्किनुअघि यो अझ तीव्र हुने अनुमान गरिएको बताएका छन्।

**तीरंदाजी**

भारतकी शर्वरी सोमनाथ शिन्देले क्यानडाको विनिपेगमा आयोजित विश्व युवा तीरंदाजी च्याम्पियनसिपको अन्डर-१८ व्यक्तिगत रिकर्व प्रतियोगितामा स्वर्ण पदक जितेकी छिन्। शर्वरीले रोमाञ्चक फाइनलमा दक्षिण कोरियाकी किम येभोनलाई ६-५ ले पराजित गरिन्।पहिला तीन सेट पछि, शर्वरी ४-१ ले अगाडि थिइन्, तर किम येभोनले शानदार पुनरागमन गर्दै खेल बराबरी गरिन्। सुट-अफमा किमले नौ गोल गरिन् भने शर्वरीले दस गोल गरिन् र स्वर्ण पदक कब्जा गरिन्।शर्वरी शिन्दे यस प्रतियोगितामा स्वर्ण जित्ने दोस्रो भारतीय महिला हुन्। शनिबार, चिकिता तानिपार्थीले २१ वर्ष मुनिको व्यक्तिगत कम्पाउन्ड प्रतियोगिताको उपाधि जितिन्। उनले कोरियाकी येरिन पार्कलाई १४२-१३६ ले पराजित गरिन्।